# मेलमिलाप र दलितका मुद्दा

**जातीय छुवाछूतमुक्त राष्ट्र घोषणा सबै राजनीतिक दलसहितले गरे तापनि समाजमा सकारात्मक परिवर्तन आउन नसकेको स्पष्ट छ। ऐतिहासिक मेलमिलापको आधार तयार गर्ने भन्ने कुराले समुदाय स्तरमै अन्तर्घुलन तथा स्वीकार्यताका लागि प्रयास गर्ने मनसाय देखिन्छ। यही कुरालाई हृदगंम गर्दै धार्मिक समुदायले आफ्नोतर्फबाट प्रयास गर्दै आइरहेको देखिन्छ।**



● केशवप्रसाद चौलागाईं

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकार गठनसँगै शासकीय सुधारका १०० बुँदामध्ये पाँचौं बुँदामा दलित समुदायको आत्मसम्मान बढाउँदै क्षमा याचना गर्ने कुराले वास्तविक सुधारको अनुभूति गराउन खोजेको छ। 'दलित तथा ऐतिहासिक रूपमा बहिष्कृत समुदायमाथि राज्य, समाज र नीतिगत संरचनाबाट भएका अन्याय, विभेद र अवसरवाट वञ्चितको औपचारिक स्वीकारोक्ति गर्दै सामाजिक न्याय, समावेशी पुनर्स्थापना र ऐतिहासिक मेलमिलापको आधार तयार गर्न १५ दिनभित्र राज्यका तर्फबाट औपचारिक क्षमायाचनासहित सुधारमुखी कार्यक्रम घोषणा गर्ने' भनिएको बाट दलितहरूको आत्मसम्मान बढाउन हृदयदेखि नै प्रयास गरेको देखिन्छ। विसं २०६३ जेठ २१ गते जातीय छुवाछूतमुक्त राष्ट्र घोषणा सबै राजनीतिक दलसहितले गरे तापनि समाजमा सकारात्मक परिवर्तन आउन नसकेको स्पष्ट छ। ऐतिहासिक मेलमिलापको आधार तयार गर्ने भन्ने कुराले समुदायस्तरमै अन्तर्घुलन तथा स्वीकार्यताका लागि प्रयास गर्ने मनसाय देखिन्छ। यही कुरालाई हृदगंम गर्दै धार्मिक समुदायले आफ्नोतर्फबाट प्रयास गर्दै आइरहेको देखिन्छ।

## स्वराज्य भागवतः

सनातन हिन्दु धर्मावलम्बीहरूले व्यक्तिगत र सामूहिक रूपमा आयोजना गर्ने श्रीमद्भागवत कथालाई समाज रुपान्तरणमा समेत उपयोगी बनाउने उद्देश्यले 'स्वराज्य भागवत' अवधारणा ल्याइएको छ। त्यस अवधारणामा 'जातीय छुवाछूत उन्मुलनमा धार्मिक क्षेत्रको भूमिका' पनि समावेशगरी छुवाछूत उन्मुलन तथा दलित समुदायको आत्मसम्मान बढाउने उद्देश्य छ। छुवाछूतको प्रमुख कारण धार्मिक नै भएकाले धार्मिक क्षेत्रबाटै उन्मुलनमा लाग्दा प्रभावकारी हुन्छ। गुणकर्मका आधारमा गरिएको वर्णव्यवस्था कालान्तरमा जात व्यवस्थामा रूपान्तरण हुँदै छुनहुने र छुन नहुनेमा पुग्दा विकराल रूप लिन पुगेको देखिन्छ।

*चातुर्वर्ण्य मया सृष्टि गुणकर्म विभागशः।*
*तस्य कर्तारमपि मां विद्धयकतार्रमव्ययम्॥*

अर्थात प्रकृतिका तीन गुण र ती गुणसँग सम्बन्धित कर्मानुसार मैले मानिसमा चार वर्गको सृष्टि गरे। म यी सबैको कर्ता हु तर पनि तिमीले मलाई अविनाशी अकर्ता न जान भनिएकालाई जात व्यवस्थामा लगेर प्रचलनमा ल्याउनुले ठूलो गल्ती भएको स्पष्ट नै छ। शास्त्रीय मान्यता र अभ्यासलाई शास्त्रीय मान्यता र अभ्यासकै आधारमा अभियानका रूपमा टोल समुदायमा 'स्वराज्य भागवत'को आयोजना गर्दै स्थानीय सरकारसँग सहकार्य गर्दै पुर्णरुपमा छुवाछूतमुक्त समाज बनाउन अघि बढिरहेको छ।

द्वन्द्व रूपान्तरण र शान्ति स्थापनामा धर्म तथा अध्यात्मिक क्षेत्रको भूमिका : नेपालमा विसं २०५२ बाट प्रारम्भ भएको माओवादी सशस्त्र द्वन्द्वलाई शान्तिपूर्ण रूपान्तरण गर्न गरिएको अनुसन्धान 'द्वन्द्व रूपान्तरण र शान्ति स्थापनामा धर्म तथा अध्यात्मिक क्षेत्रको भूमिका' मा पनि छुवाछूत उन्मुलनका लागि विस्तृत अध्यन अनुसन्धान गर्नुपर्ने सुझाव दिएको छु। समाजमा रहेको सामाजिक र धार्मिक असमान्ता पनि माओवादी द्वन्द्वको एउटा कारण हो भन्दै दलित समुदायमाथि भइरहेको अन्यायलाई पनि सम्बोधन गर्नुपर्ने आशय रहको थियो। द्वन्द्वकालमा जातीय छुवाछूत उन्मुलन तथा दलित अधिकारका सम्बन्धमा दलित गैरसरकारी महासंघसँगै सहकार्य गर्दै पाँचै विकास क्षेत्रमा गोष्ठी, सभामा सहभागी हुनेगरेका थियौ। गजाधर सुनुवार महासंघको अध्यक्ष रहेका बेला धार्मिक समुदाय र दलित समुदायबीच देशैभरी सहकार्यको थालनी गरिएको थियो। दलित उत्थानको विषयलाई धार्मिक सरोकारको पनि विषय बनाउन गरिएको प्रयासलाई सर्वत्र स्वीकारिएको पनि थियो।

खासगरी परम्परागत हिन्दु धर्म सम्प्रदायहरूले पनि सकारात्मक रूपमा ग्रहण गर्न थालेकाले सन्तोष लाग्द थियो। त्यही अनुसन्धानको आधारमा हिन्दु, बौद्ध, इस्लाम, क्रिश्चियन, बहाई, किरात, बोनलगायत धर्म सम्प्रदायहरू सम्मिलित 'अन्तरधार्मिक परिषद् नेपाल' तथा 'महिला हिंसाविरुद्ध अन्तर्धार्मिक राष्ट्रिय सञ्जाल'को गठन भई आजपर्यन्त कार्य गर्न सकिरहेका छौ। समाजका हरेक क्षेत्रमा रहेको विकृति र सिंगीतिका विरुद्ध निरन्तर खबरदारी गर्नुपर्दा परिणाम ढिला प्राप्त हुने गर्दछ। विस्तृत शान्ति सम्झौता पश्चात् संबिधान निर्माण नहउन्जेलसम्मको संक्रमणकालमा द्वन्द्व व्यवस्थापन र सामाजिक सुधारको अभियानलाई निरन्तरता दिनु धार्मिक क्षेत्रका लागि ठूलो चुनौतीको अवस्था थियो।

द्वन्द्वको कारण सामाजिक विभेद पनि हो भन्ने कुरालाई अनुसन्धानसँगै अभियानमार्फत अवगत गराउने कुराले माथिल्लो बौद्विक वर्गमा चाँडै बुझाउन सहज भएको अनुभव गरिएको थियो। बुझ्नेबाटै विभेद भएको देखिन आएकोले हाम्रो प्रयास ठीक ठाउँमा केन्द्रित भएको थियो। यसै क्रममा सर्वप्रथम चक्रमान विश्वकर्माजीले सञ्चालन गरेको टेलिभिजन कार्यक्रममार्फत पनि जनजागरणमा सहभागी हुन सकियो। उहाँले नै पछिल्लो समयमा नेपाल टेलिभिजनमार्फत सञ्चालन गर्न थाल्नुभएको 'जातीय सवाल' कार्यक्रम मेरो अनुरोधमा पाटन ढोकास्थित गणेश मन्दिरमा पूजा समारोह आयोजनागरी शुभारम्भ भएको थियो।

जातीय छुवाछूत उन्मुलनका दृष्टिकोणले यो उदाहरणीय घटना थियो, असल अभ्यास थियो। अन्तर्राष्ट्रिय सभा सम्मेलनमा द्वन्द्व व्यवस्थापनका विषयका साथै जातीय विभेदको कुरा उठाइ रह्यौ। अनुसन्धानगरी विश्वविद्यालयतर्फ केन्द्रित नभइ अभियन्ताका रूपमा समाजमै रहेकाले धेरै कुरा जान्न पनि पायौं। खासगरी सामाजिक विभेदले पारेको दरगामी प्रभाव उहाँहरूसँग सहकार्य गर्दा अनुभूति गर्न पायौं। आत्मसम्मानको कुरा प्रमुख कुरा हो भन्ने अनुभूति गर्न सकेकाले आजसम्म सहकार्य गर्ने प्रेरणा लिन सक्यौं।

सन् २००७ मा थाइल्याण्डको चियाङमइ शहरमा आयोजना गरिएको तीन दिने एशियाली शान्ति सम्मेलनमा विभेदका विरुद्ध पनि छुट्टै सेसन रहेको थियो। विभेद पनि आन्तरिक द्वन्द्वको एउटा कारण हो भन्ने हाम्रो विचारले महत्त्व पाउन सकेको थियो। दश वर्षे माओवादी द्वन्द्वको पृष्ठभूमि र अनुसन्धानको आधारमा विचार व्यक्त गर्दा सान्दर्भिक ठहरिएको थियो। सामाजिक विभेदलाई आत्मसम्मान, मानवअधिकारका रूपमा मात्रै बुझ्दै आएको अन्तर्राष्ट्रिय समुदायलाई द्वन्द्वको पनि एउटा कारण हो भन्ने बुझाउने हाम्रो प्रयास सफल रहेको थियो। नेपालको माओवादी द्वन्द्व, विभेदको अबस्था तथा मानवअधिकार को विषयमा थाइल्याण्ड कार्यक्षेत्र बनाएका बंगलादेशी नागरिक अब्बास सबुरसमेतको उपस्थिति रहेको सम्मेलनमा हाम्रो विभेदका विरुद्धको विचार मननिय बनेको थियो।

एवं प्रकार सन् २००८ बैंकक सम्मेलन, सन् २०१० ढाका सम्मेलन उल्लेखनीय छन्। सन् २०११ मा जर्जटाउन विश्वविद्यालय, वर्कले सेन्टरले आयोजना गरेको शान्ति र स्थापनामा धार्मिक संघसंस्थाहरूको भूमिका सम्मेलनमा विभेदका विरुद्ध धार्मिक क्षेत्रले गरिरहेको कार्यहरूको उच्च प्रशंसा गरिएको थियो। उक्त सम्मेलनमा उपस्थित भारतीय स्वामी अग्निवेशले समेत सर्हाना गर्नुभएको थियो। एशियाली शान्ति र विकासमा धार्मिक गुरुहरूको भूमिका शैक्षिक महत्त्वको हुनाका साथै समानताका लागि धार्मिक गुरु र संस्थाहरूले खेलिरहेको भूमिका विश्वले पनि ध्यानमा राखेको पाएका थियौ।

महिला हिंसाविरुद्ध अन्तरधार्मिक राष्ट्रिय सञ्जालको समेत संस्थापक भएकाले जातीय छुवाछूतका साथै महिलामाथि भइरहेको विभेद उन्मुलनमा पनि धार्मिक गुरुहरूको योगदान महत्त्पूर्ण रहेको बुझाउन सकियो। एवं प्रकार जातीय छुवाछूत, महिला हिंसाविरुद्धको अन्तरधार्मिक सकृयता सरकारी चासोको विषय बनाउन नसकिएको समयमा वर्तमान सरकारले शासकीय सुधारको कार्यक्रममा समावेश गरेकाले हाम्रो प्रयासले सार्थकता पाउने आशा गरेको छु।

राष्ट्रिय दलित आयोग र सूचीकरणः नेपालको संविधान २०७२ मा विभिन्न संवैधानिक आयोगहरूसँगै राष्ट्रिय दलित आयोगको पनि व्यवस्था गरेकाले संवैधानिक जातीय छुवाछूत उन्मुलनले संवैधानिक महत्त्व पाउन सकेको छ। आयोगको मिति २०८० वैशाख ३१ गतेको बैठकबाट राष्ट्रिय दलित आयोग ऐन, २०७४ को परिच्छेद २ को दफा ३ (छ) बमोजिम दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्यन अनुसन्धानगरी थर सूचीकृत गर्ने नेपाल सरकारलाई सिफारिश गर्ने भन्ने व्यवस्था अनुसार थर सूचीकरणगरी राजपत्रमा प्रकाशित गर्न नेपाल सरकारलाई सिफारिश गरिएको थियो।

'दलित समुदाय भन्नाले परम्परागत धार्मिक अन्धविश्वासका आधारमा पानी नचल्ने र अछुत भनी आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा सांस्कृतिक रूपमा राज्यको मूलप्रवाहबाट वञ्चित गरिएको शोषित एवं उत्पीडित तथा श्रम, सीप र कलाका माध्यमबाट राज्य निर्माणमा योगदान पुऱ्याएको समुदायलाई बुझाउछ' भन्दै दलित समुदायको परिभाषा गरिएको छ। पहाडी दलित समुदायले प्रयोग गर्ने दलित जात, थरहरू निम्न उल्लेख गरिएको छ। गन्धर्व, च्यामे, परियार, पोडे, मिजार, वादी, विश्वकर्मा, गैरदलितहरूले प्रयोग गर्ने थर/जात पनि उल्लेख भएको छ। मधेसी दलित समुदायले प्रयोग गर्ने दलित जात/थरहरूको शूची यसप्रकार रहेका छन्ः ककैहिया, कलर, कोरी, खटिक, खत्वे, चमार, चिडिमार, डोम (मरिक), ढाँडी, तत्मा, दुसाध, धरिकर (धन्का) धोवी, नटुवा, पासी, बाँतर, मुसहर, मस्तर, सरभंग, बरही (वैध, वैज, नट, राली) गैरदलितसँग मिल्दो अन्य थरहरू। एवं प्रकार मधेसी र पहाडी दलितहरूको औपचारिक सूचीकरण भए पश्चात् पहिचानमा स्पष्टता आउन सकेको छ। राष्ट्रिय दलित आयोगले पञ्च वर्षीय रणनीतिक योजना (२०८२-२०८७) पारित गरि सामाजिक न्यायका लागि सक्रियता बढाएको पनि छ।

'कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जातजाति, वंश समुदाय वा पेशाका आधारमा यश दफा बमोजिमको कुनै काम गरे वा गराएमा जातीय भेदभाव तथा छुवाछूत ऐन २०६८को दफा ४ मा रहेकोले कानुनी अभ्यास पनि सकारात्मक रहेको देखिन्छ। राष्ट्रिय मानवअधिकार आयोगको जर्नल संवाहक, अंक ११ मा 'जातीय छुवाछूत उन्मुलनमा धार्मिक क्षेत्रको भूमिका' लेखमार्फत पंक्तिकारले जातीय भेदभाव धार्मिक समुदायका साथै मानवअधिकारको पनि विषय भएको बुझाउन खोजेको थिए। समुदायदेखि संवैधानिक आयोग, अन्तर्राष्ट्रिय क्षेत्रमा समेत सबै खाले विभेदका विरुद्ध आवाज उठाउँदै आएको धार्मिक क्षेत्रले शासकीय सुधारको सरकारी प्रतिबद्धता लाई निम्न सुझाव तथा सहयोगको आश्वासन दिन चाहन्छौं।

१. दलित समुदायको आत्मसम्मानका लागि अभ्यासमा ल्याउने ऐतिहासिक मेलमिलापको कार्यक्रमलाई बुँदा नम्बर ६८ मा रहेको कर्पोरेट सोसियल रेस्पोन्सिवल (सिएसआर)अन्तर्गत समावेश गर्दै सशक्त रूपमा सञ्चालनमा ल्याउन पर्ने।
२. जातीय विभेदको मूलकारण धार्मिक मान्यता 'स्वराज्य भागवत'मार्फत अभ्यासमा ल्याइरहेको 'जातीय छुवाछूत उन्मुलनमा धार्मिक क्षेत्रको भूमिका' कार्यक्रमलाई प्रत्येक टोलटोलमा आयोजना गर्न सहयोग गर्ने।
३. स्थानीय सरकारमा प्रतिनिधित्व गर्ने दलित महिला जनप्रतिनिधि र धार्मिक समुदायको संयुक्त प्रयासमा प्रत्येक वडामा स्वराज्य पुजन तथा कार्यक्रम राख्ने।
४. स्थानीय न्यायिक समितिलाई ऐतिहासिक मेलमिलापका लागि बाध्यकारी बनाउनुपर्ने।

**धार्मिक क्षेत्रले निम्न कार्यक्रम सञ्चालन गर्दै ऐतिहासिक मेलमिलापलाई सफल बनाउनेछ**

१. न्यायिक समिति र स्थानीय सरकार : मेलमिलापको मार्गचित्र। ७५३ स्थानीय तहमा आयोजना गर्नेछौं।
२. स्वराज्य भागवतको आयोजना। नेपाल चर्खा प्रचारक गान्धी तुलसी स्मारक महागुठी, काडाघारी काठमाडौंको नेतृत्वमा देशभर।
३. स्वराज्य पूजन तथा यात्रा। ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका-३ स्थित बोझेपोखरी बाट देशभर।

## सर्वनाममा कविता मञ्चन र रामायण गायन

**काठमाडौं/हिटा।** सर्वनाम थिएटरले आफ्नो स्थापनाको ४५औं वर्ष प्रवेश विशेष कार्यक्रम गर्दै मनाएको छ। बुधबार सर्वनाम थिएटरमा आयोजित कार्यक्रममा सर्वनामका अध्यक्ष तथा अग्रज नाट्यकर्मी अशेष मल्लद्वारा लिखित कविता मञ्चन गरिएको थियो। 'समानता' शीर्षकको उक्त कविता सर्वनामका दुई कलाकार हरूले मञ्चन गरे।

उक्त अवसरमा सर्वनामका दुई रंगकर्मी उषा रजक र मनोज महर्जनलाई सम्मानित गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि हरिप्रसाद धरेल, नाट्यकर्मी मल्ल र अर्का अग्रज नाट्यकर्मी ओममणि शर्माले दुवै रंगकर्मीलाई सम्मानित गर्नुभएको थियो। सो अवसरमा गायिका लोचन भट्टराईले आदिकवि भानुभक्त आचार्यद्वारा रचित 'रामायण'को बालकाण्ड र अयोध्याकाण्डका केही श्लोकहरू गाएर सुनाउनुभएको थियो। कार्यक्रममा प्रमुख अतिथि धरेलले सर्वनाम नाट्य समूहले साहित्य कला संस्कृतिका माध्यमबाट सांस्कृतिक संरक्षणमा काम गर्दै आएको उल्लेख गर्नुभयो। कार्यक्रममा सम्मानित कलाकारहरू उषा र मनोजले आफ्नो रंगकर्म यात्राबारे अनुभव साझा गर्नुभएको थिये। उक्त अवसरमा सर्वनामले केही महिनाभित्रै लौहपुरुष गणेशमान सिंहको जीवनीमा आधारित नाटक मञ्चन गर्ने घोषणा गरेको थियो। गणेशमान फाउण्डेशनका घनेन्द्रपुरुष ढकालले नयाँ पुस्ताले पनि गणेशमानका बारेमा जान्नुपर्ने भएकाले उहाँको जीवनीलाई सर्वनामसँगको सहकार्यमा नाट्यीकरण गरेर प्रस्तुत गर्न लागेको सुनाउनुभयो। कार्यक्रममा सर्वनाम ग्यालरीमा चित्रकला प्रदर्शनीको उद्घाटन पनि गरिएको थियो।


## Chichila Rural Municipality
### Office of the Municipal Executive
Chichila, Sankhuwasabha
Koshi Province, Nepal

**Invitation for Bids**

**Date of publication: 3rd April 2026 (Chaitr20, 2082)**

1. Chichila Rural Municipality invites electronic bids from eligible bidders for the construction of following works under National Competitive Bidding Procedure:

| S. N. | Contract Identification No. | Name of the Project | Estimated Amount (With VAT ) | Date & Time | | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | CRM/NCB/ GOODS/02/ 082/83 | Evadebitar birthing Centre Upakaran Kharid | 3998917.45 | Bid Submission | 2026-May-3 12:00 hrs | 90000/- | 3000.00 |
| | | | | Bid Opening | 2026-May-3 13:00 hrs | | |

2. Electronics Bids must be submitted to the office Chichila Rural Municipaltiy, Chichila, Sankhuwasabha through PPMO website (**www.bolpatra.gov.np/egp**)
3. Eligible Bidders may obtain further information at the office of Chichila Rural Municipality, Chichila-1, Sankhuwasabha, 9842108213 or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
4. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** Prabhu Bank Ltd.
   **Name of Office:** Chichila Rural Municipality
   **Account no.:** 2757090624100138
   **Rajaswa (revenue) Shirshak no. :** GA-1-1-CHICHILA GA.PA ANTARIK RAJASWA KHATA
5. Information to Deposit the Bid security Amount (In Nrs.) in Bank:
   **Name of the Bank:** Prabhu Bank Ltd.
   **Name of Office:** Chichila Rural Municipality
   **Account no.:** 2757090624100058
   **Rajaswa (revenue) Shirshak no. :** GA—3-1 CHICHILA GA.PA.STHANIYA TAHA DHARAUTI KHATA
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. Chichila Rural Municipality, Chichila, Sankhuwasabha reserves the right to accept or reject or cancel any bid partially or fully without assigning any reason, whatsoever.
8. Other mandatory information as per Public Procurement Act and Public Procurement Regulation



## सूचना

नेपाल जग्गा तथा आवास विकास महासंघको मिति २०८२।१२।०६ गते बसेको केन्द्रिय कार्य समितिको बैठकले महासंघको चौथो वार्षिक महासभा मिति २०८३।०१।१२ गते बिहान ११ बजे देहायको एजेण्डासहित चितवन जिल्लाको दियालो फुडल्याण्ड प्रा. लि., क्षेत्रपुर-३, भरतपुरमा गर्ने निर्णय गरेकोले महासंघका सम्पूर्ण सभासद्हरूको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

**एजेण्डा**: महासंघको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पारित गर्ने, महासंघको आगामी योजनाहरू प्रस्तुत गर्ने, लेखापरीक्षकको नियुक्ति गर्ने, विधान संशोधन आदि।

**नेपाल जग्गा तथा आवास विकास महासंघ**
**वाग्मती लिंक रोड, बुद्धनगर, काठमाडौं, फोन नं.:-०१-५९१३४८९**



## सार्वजनिक स्थानहरुमा शुद्ध खानेपानी वितरण प्लान्ट जडान सम्बन्धि सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८२/१२/२०)**

यस मन्त्रालयको आ.व. २०८२/०८३ को स्विकृत बार्षिक कार्यक्रम अनुसार "सार्वजनिक स्थानहरुमा शुद्ध खानेपानी वितरण प्लान्ट जडान कार्यक्रम" सञ्चालन गर्नको लागि कोशी प्रदेश भित्रका ईच्छुक सार्वजनिक निकायहरु (सरकारी विद्यालय, सरकारी विश्वविद्यालय वा अन्तर्गतका क्याम्पस, सरकारी अस्पताल, धार्मिकस्थल, अनाथालय, वृद्धाश्रम, सुधारकेन्द्र, कारागार, सरकारी निकाय आदि) ले अनिवार्य रुपमा तपसिल बमोजिमका विवरण सहित १५ (पन्ध्र) दिनभित्र यस मन्त्रालयको ईमेल ठेगाना mowsiep1@gmail.com मार्फत माग गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

- सार्वजनिक निकायको नाम र ठेगाना:-
- प्लान्ट जडानस्थलमा पर्याप्त पानीको श्रोत भएको/नभएको:-
- सरसफाई तथा पानीको निकासको लागि उचित प्रवन्ध भएको/नभएको:-
- शौचालयको व्यवस्था भएको/नभएको:-
- दैनिक आवश्यक पानीको अनुमानित परिमाण:-
- प्लान्ट जडान पश्चात सञ्चालन गर्दा लाग्ने विद्युत महशुल बेहोर्न तयार रहेको/नरहेको:-
- प्लान्ट जडान सम्पन्न पश्चात सञ्चालन/मर्मत सम्भारको दायित्व स्वीकार गर्न तयार रहे/नरहेको:-
- सम्पर्क व्यक्ति तथा सम्पर्क नं.:-

*नोट:- तोकिएको विवरण उल्लेख नभएको तथा म्यादभित्र दर्ता नभएका माग (निवेदन) माथि कारवाही गरिने छैन।*

**खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय**
**कोशी प्रदेश**
**विराटनगर**



## कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/१२/२०)

यस नेचुरल बचत तथा ऋण सहकारी संस्था लि. मा तपशिलको ऋणीले घरायसी प्रयोजनका लागी लिएको घरायसी कर्जाको भाखा ननाघेको तर निजले यस सहकारीसँग कर्जा लिँदाको समयमा गरेको सम्झौता एवं तमसुक बमोजिम संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना समेत नतिरी नबुझाइ संस्थाले पटक पटक लिखित तथा मौखिकरूपमा कर्जा चुक्ता गर्न ताकेता गर्दा पनि बेवास्ता गरि कर्जा चुक्ता गर्न कुनै प्रयत्न नगरेकोले तपाई ऋणीको नाममा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुले बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज हर्जाना समेत चुक्ता गर्नुहोला। अन्यथा संस्थाको विनियम, ऋण लगानी तथा असुली नियमावली सहकारी ऐन २०७४, प्रदेश सहकारी ऐन २०७६ र प्रदेश सहकारी नियमावली २०७६ बमोजिम धितो लिलामी बिक्री प्रक्रियाबाट कर्जाको सम्पुर्ण रकम असुलउपर गरिनेछ। धितो लिलामी बिक्रीबाट कर्जा असुली नभए ऋणीको घर घराना र अन्य जायजेथाबाट कर्जा असुलउपर गरिने छ।

**तपसिल**

| सि.नं. | ऋणीको तीन पुस्ते विवरण | जमानीको तीन पुस्ते विवरण |
|---|---|---|
| १. | **ऋणिको नाम : अरुण भण्डारी**<br>बाबुको नाम : लाल बहादुर भण्डारी<br>बाजेको नाम : टिकाराम भण्डारी<br>स्थायी ठेगाना : झापा जिल्ला लखनपुर ०३<br>हाल ठेगाना : कागेश्बरी मनोहरा न.पा. ०७, काँडाघारी काठमाण्डौ<br>ना.प्र.नं. : १७६११<br>जारी मितिः २०६०।०४।२०, झापा | **जमानीको नाम : मोहन कुमार निरौला**<br>बाबुको नाम : राम बहादुर निरौला<br>बाजेको नाम : मदन बहादुर निरौला<br>ठेगाना : झापा जिल्ला, अर्जुनधारा न. पा., वडा नं. ०३<br>ना.प्र.नं. : ४०४११६७०<br>जारी मिति : २०५७।०४।२९, झापा |

| जिल्ला | गा.वि.स/न.पा. | वडा नं. | नक्सा सिट | कि.नं. | क्षेत्रफल/वर्ग मी. | मोठ पाना नं. |
|---|---|---|---|---|---|---|
| भक्तपुर | मध्यपुर ठिमि नगरपालिका | १५ | १०२१२२८०९ | ५३८ | ०-०-०-० (१२७।१८) | |

**नेचुरल बचत तथा ऋण सहकारी संस्था लि.**
**का.म.न.पा. -०७, टुसाल, काठमाडौं, फोन नं.:- ०१-५९११८५१, ५९११८५२**



## चौतारा बहुउद्देश्यीय सहकारी संस्था लि.

**बुद्धनगर, काठमाडौं,**
**फोन नं. : ०१-५९०६९०१**

**धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना**

**प्रकाशित मिति : २०८२/१२/२० गते शुक्रबार**

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले व्यापार कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई तोकिएको भाखा नाघेकोले सो सम्बन्धमा पटक पटक मौखिक एवं लिखित तरताकेता गरिएको तथा राष्ट्रिय दैनिक पत्रिका समाचारपत्रमा मिति २०८२/०८/२१ गते कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सोको बेवास्ता गरी संस्थालाई तिर्न बुझाउन पर्ने रकम नबुझाई ऋण कर्जा सम्बन्धीको करार शर्तबन्देज उल्लंघन गरेकोले यो धितो लिलाम बिक्रिको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थाको कार्यालयमा आई सम्पूर्ण लेना रकम चुक्ता गरी धितो जग्गा फुकुवा गराई लिन ऋणी तथा जमानीकर्ता जग्गाधनीलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। यो सूचना बमोजिम ३५ दिनभित्र कर्जा चुक्ता नभएमा ३६औं दिन देहायका मितिमा तपसिलको धितो जग्गा रहेको स्थान उदयपुर जिल्ला साविक बसाहा गा.वि.स. वडा नं. २ हाल चौदण्डीगढी न.पा. वडा नं.४ बसाहास्थित लिलामी गरिने जग्गा रहेको स्थानमा वा सोको नजिकै उपयुक्त स्थानमा मिति २०८३/०१/२५ गते शुक्रबार, दिनको १०:३० बजेदेखि २:०० बजेसम्म लिलाम बिक्रि गरिने हुँदा लिलाम बढाबढ/डाँक बढाबढ गरि लिन इच्छुक सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै ऋणी सदस्य तथा धितो जमानीकर्तालाई लिलाम हुने मिति, समय र स्थानमा उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

| ऋणीको तिनपुस्ते विवरण | धितो सुरक्षण विवरण | जग्गाधनीको विवरण | ऋणीको फोटो |
|---|---|---|---|
| **नामः** कल्पना सुन्चुरी<br>**पतिको नाम** : शम्भु बि.क.<br>**ससुराको नाम** : भुलबहादुर<br>**ना.प्र.नं.**: २४१०३०/६२८५<br>**ठेगानाः** सि.पा.जि. चौतारा साँगाचोकगढी न.पा. वडा नं. ५ | उदयपुर जिल्ला साविक बसाहा गा.वि.स. वडा नं. २ क (हाल चौदण्डीगढी न.पा. वडा नं.४) बसाहा को कि.नं. ११८ को क्षे.फ. ०-१५-४-० (विघा) को कित्ता १ र ऐ.ऐ. को कि.नं. ३२९ को क्षे.फ. ०-०-१४-० (विघा | **नामः** कल्पना सुन्चुरी<br>**पतिको नाम** : शम्भु बि.क.<br>**ससुराको नाम** : भुलबहादुर<br>**ना.प्र.नं.**: २४१०३०/६२८५<br>**जारी मितिः** २०६५।०३।०४ |  |

**लिलाम बिक्रि सम्बन्धी थप शर्तहरु**

१) लिलाम बिक्रि गरिने जग्गाको निरिक्षण गर्नु परेमा वा लिलाम बिक्रि सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र संस्थाको कार्यालय बुद्धनगर, काठमाडौंमा उपस्थित भई वा फोनबाट सम्पर्क राख्नुहोला।
२) लिलाम बिक्रि गरिने जग्गाको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा खरिदकर्ता स्वयंले नै यकिन गर्नुपर्ने छ।
३) लिलाममा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम नगद धरौटी सोहि दिन संस्थामा दाखिला गर्नुपर्ने छ।
४) डाँक बढाबढमा धितो लिलाम सकार गर्ने व्यक्तिले बाँकि ९० प्रतिशत रकम ७ दिनभित्र संस्थामा दाखिला गर्नुपर्ने छ। अन्यथा लिलाम हुने दिनमा बुझाएको धरौटी रकम जफत हुने छ। त्यसपछि दोस्रो बढि कबोल गर्ने व्यक्तिलाई धितो सकार्न लगाउन सकिने छ।
५) लिलाम बिक्रि गरिने जग्गा रहेको स्थान उदयपुर जिल्ला साविक बसाहा गा.वि.स. वडा नं. २ हाल चौदण्डीगढी न.पा. वडा नं. ४ बसाहास्थित यो सूचना प्रकाशित मितिले ३६ औं दिनमा अर्थात मिति २०८३/०१/२५ गते शुक्रबार बिहान १०:३० बजेदेखि दिनको २.०० बजेसम्म उपस्थित लिलाम कबोलदाता वा निजले लिखित रुपमा तोकेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा डाँक बढाबढ अर्थात् लिलाम बढाबढ गरिने छ। साथै लिलाम बढाबढ गरिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिनमा लिलाम बढाबढ गरिने छ।
६) लिलाम बिक्रि नभएमा उल्लेखित जग्गाको स्वामित्व सहकारी नियमावली, २०७४ को नियम ३५ अनुसार संस्थाले आफैं सकार गरी लिन सक्ने छ।
७) लिलाम बिक्रि हुने दिन ऋणी तथा जग्गाधनीको प्रतिनिधि उपस्थित नभए पनि लिलामी कार्य रोकिने छैन।
८) उल्लेखित धितो लिलाम बिक्रिबाट संस्थाको सबै लेना रकम असुल उपर नभएमा ऋणीको अन्य जायजेथाबाट समेत असूल उपर गरिने छ।
९) उक्त जग्गा लिलाम सकार गरी लिने व्यक्तिले सो जग्गा जे, जुन अवस्थामा छ सोही अवस्थामा सकार गरि लिनुपर्ने छ।
१०) यो लिलाम बढाबढ सम्बन्धीको सम्पूर्ण अधिकार यस संस्थामा निहीत रहने छ।
११) यस लिलाम सम्बन्धमा अन्य केही कुरा बुझ्नपर्ने भएमा यस संस्थाको कार्यालय बुद्धनगर, काठमाडौंमा सम्पर्क राखी बुझ्न सकिने छ।